**कार्यपालिका बैठक सख्या- २** मितिः- २०८०।०६।१८

**प्रस्ताव र निर्णयहरु**

१. नगर प्रहरी भर्ना गर्ने सम्बन्धमा ।

२. जगदिशपुर देखी पत्थरदेईया सडक स्तरोन्नतीका लागी बजेट व्यवस्थापन सम्बन्धमा ।

३. योजनाको नाम संशोधन सम्बन्धमा ।

४. विधुत पोल विस्तार सम्बन्धमा ।

५. नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन सम्बन्धमा ।

६. करार नियुक्ति सम्बन्धमा ।

७. "घ" बर्गको ईजाजतका लागी अनुमती सम्बन्धमा ।

८.. सहयोग सम्बन्धमा ।

९. ठेक्का सम्बन्धमा

१०. आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. १-** यस गाउँपालिकाको लागि नगर प्रहरीको आवश्यकतालाई मध्यनजर गरी नगर प्रहरी कार्यविधी २०७७ को केही बुदाँमा संशोधन गरी सोही कार्यविधी लाई टेकेर गाउँपालिकामा जम्मा ५ जना नगर प्रहरी राख्नेगरी १ जना नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीबाट रिटायर्डलाई प्रमुखको लागी सुचना गर्ने र बाँकी ४ जनाको लागी गाउँपालिकामा कार्यरत कार्यालय सहयोगीहरु मध्येबाट आन्तरिक सुचना गरी स्वेच्छिक निवेदन माग गर्ने र माग नपरेमा कार्यालयले नै खटाउने निर्णय गरियो ।

**निर्णय नं.२-** यस विजयनगर गाउँपालिकाको वडा नं ३ जगदिशपुर देखी पत्थरदेईया सडक स्तरोन्नतिका लागी मागमा आधारित साना पुर्वाधार कार्यक्रम शिर्षकबाट रु. ५ लाख बजेट छुट्याउने गर्ने निर्णय गरियो ।

**निर्णय नं.३-** बजेट शिर्षक नं.८०५४९५०३५२१ प्रदेश सरकारबाट हस्तान्तरित (शसर्त अनुदान) अन्तर्गत वडा नं. ३ पत्थरदेईया गाँउभित्र दक्षिणजाने बाटो पिचलाई संसोधन गरी **"वडा नं.३ पत्थरदेईया गाँउ भित्र दक्षिण जाने बाटो स्तरोन्नती तथा नाली निर्माण"** गर्ने गरी संसोधन गर्न अर्थ मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (नेपाल) मा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.४-** यस विजयनगर गाउँपालिकाल अन्तर्गतका ७ वटै वडाहरुमा विद्युत विस्तार हुनको लागि पोल, ट्रन्सफार्मर र विद्युतिय तरको कुन कुन ठाउँमा समस्या रहेको छ वडा अध्यक्षहरुले समस्या रहेका ठाउँ एकिन गरी गाउँपालिकामा सो सम्बन्धि विवरण उपलब्ध गराउने र गाउँपालिकाबाट उक्त समस्याको समाधान गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.५-** यस विजयनगर गाउँपलिका अन्तर्गत पर्ने सम्पुर्ण नदिजन्य पदार्थको ठेक्का व्यवस्थापन गर्नका लागि प्राविधीक प्रस्ताव तयार गर्ने र सुख्खा खोलाको हकमा हाल डम्पिङ्ग भएको मालको चेकजाँच गरी प्रतिवेदनको आधारमा आवश्यक निर्णय गर्ने र सुरई खोलाको आ.व ०७९।८० को ठेक्का व्यवस्थापन मार्फत शिवराज नगरपालिका र यस गाउँपालिका बिच रोयल्टि साझेदारी गर्नु पर्ने भएकाले हालसम्म पनि रोयल्टी वापत कुनै रकम प्राप्त नभएकाले शिवराज नगरपालिकालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.६-** :- यस विजयनगर गाउँपालिका अन्तर्गत वडा नं ७ गणेशपुर स्वास्थ्य चौकीमा सहयोगी पदमा ज्यालादारीमा नियुक्ती लिई ईमान्दारीपुर्वक कामकाज गर्दै आउनु भएका श्री छोटु यादव र सोही कार्यालयमा स्वीपर पदमा कार्यरत श्री विन्दवासिनी रैदास लाई मिति २०८०।०७।०१ देखि लागुहुने गरी मासिक रु.१६५००।– ( सोह हजार पाँच सय मात्र) पारिश्रमिक उपलब्ध गराउने गरी सेवा करारमा नियुक्ति दिने निर्णय गरियो ।

**निर्णय नं.७ :-** विजयनगर गाउँपालिका अन्तर्गत के.जी कन्स्ट्रक्सन विजयनगर ६ र मारुती विल्डर्स विजयनगर ६ प्रेमनगर ले "घ"बर्गको ईजाजत प्राप्तीका लागी यस कार्यालयमा निवेदन पेश गरेकाले प्रचलित कानुन बमोजिमहुने गरी अनुमती दिने भनि निर्णय गरियो ।

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बहादुर थापा मगर
अध्यक्ष

आ.व.२०८०।०८१
शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

## कार्यपालिका बैठक सख्या- २

मितिः- २०८०।०६।१८

**निर्णय नं.८** यस विजयनगर गाउँपालिका वडा नं.५, जोगनिया बस्ने हमीद मुसलमानको छोरा समीम मुसलमानले यस विजयनगर गाउँपालिका संग मिति २०७५।१२।१४ गते देखि जोगनिया पोखरी ठेक्का सम्झौता गरी माछा पालन गर्दै आउनु भएकोमा यस वर्ष करिव ७,२६०।- पिस विभिन्न जातका माछहरु मरी करिव ८,१६,७५०।- (आठ लाख सोह हजार सात सय पचास रुपैया) बराबरको क्षति भएकाले कृषकको क्षतिमा सहयोग स्वरुप रु १,००,०००।- (एक लाख) रुपैया मात्र विपद व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.९-** यस आ.व. २०८०।०८१ मा संचालनहुने संघिय तथा प्रदेश समपुरक योजनाहरुको ठेक्का गर्दा स्वीकृत बजेटको अधिकतम २५% ले बढी नहुने गरी लागत अनुमान तयार गर्ने र उक्त बढिहुन आउने रकम गाउँपालिकाको श्रोतबाट व्यहोर्ने निर्णय गरियो । साथै स्तरोन्नती गर्ने योजनाहरुको ठेक्का गर्दा पेभिङ्ग ब्लक समेत समावेश गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं.१०** :-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विजय प्रसाद अहिर | विजयनगर-३, महदेईया | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | | |
| २ | कालमती कोरी | विजयनगर-७, दत्तपुर | दैनिक जिवनयापनका लागि खाद्यान्न सहयोग | रु. १०,०००।- (दश हजार मात्र) | | |
| ३ | समर्पण सहयोग समुह | तौलिहवा, कपिलवस्तु | विजयनगर गाउँपालिकाका जनतालाई औषधि उपचारमा सहयोग गरे बापत | रु. २०,०००।- (वीस हजार मात्र) | | |
| ४ | मोहन वहादुर दमै | विजयनगर-६, प्रेमनगर | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | | |
| ५ | राम कृष्ण भुसाल | विजयनगर-६, प्रेमनगर | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | सामाजिक सुरक्षा तथा आर्थिक सहायता | |
| ६ | राम कुमार चौधरी | विजयनगर-३, महदेईया | औषधि उपचार | रु. १०,०००।- (दश हजार मात्र) | | |
| ७ | आशा थारु | विजयनगर-४, ईमलिखर्क | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | | |
| ८ | रेशम लाल सोमई मगर | विजयनगर-४, त्रिपालनगर | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | | |
| ९ | पुष्पलाल थारु कुमाल | विजयनगर-६, छुटपाटी | औषधि उपचार | रु. २०,०००।- (वीस हजार मात्र) | | |

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुढहरिया, कपिलवस्तु लुम्बिनी प्रदेश

गोपाल बहादुर थापा मगर
अध्यक्ष

आ.व.२०८०।०८१
...जाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक सख्या- २** मिति:- २०८०।०६।१८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | जिल्ला ट्राफिक प्रहरी कार्यालय | गोरुसिँगे, कपिलवस्तु | सवारी साधन मर्मत | रु. ५०,०००।– (पचास हजार मात्र) | पालिका भित्र सुरक्षा सहयोग | |
| ११ | ईलाका प्रहरी कार्यालय | गणेशपुर, कपिलवस्तु | सडक स्तरोन्नती | रु. ५,००,०००।– (पाँच लाख रुपैया मात्र) | | |
| १२ | प्रहरी चौकी ठककुरापुर, कपिलवस्तु | विजयनगर-५, ठाकुरापुर | भान्स घर रङ्गरोगन तथा अन्य व्यवस्थापन | रु. ३०,०००।– (तिस हजार मात्र) | | |
| १३ | राष्ट्रिय दलित पत्रकार संघ, नेपाल | शाखा कार्यालय, कपिलवस्तु | खुल्ला तिज गित प्रतियोगिता तथा वृहत संस्कृति कार्यक्रम | रु. २०,०००।– (बीस हजार मात्र) | चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| १४ | भूमि अधिकार तथा श्रमिक संगठन, नेपाल | लुम्बिनी प्रदेश कमिटि | प्रथम प्रदेश स्तरीय सम्मेलन बापत | रु. ५०,०००।– (पचास हजार मात्र) | | |
| १५ | जिल्ला सरकारी वकील कार्यालय | कपिलवस्तु, तौलिहवा | सवारी साधन मर्मत | रु. १,००,०००।– (एक लाख मात्र) | मागमा आधारित साना पूर्वाधार कार्यक्रम | |
| १६ | डगडई देखि चौव जाने सडक मर्मत | विजयनगर-३ | सडक मर्मत | रु. ३५,०००।– (पैतिस हजार मात्र) | | |
| १७ | ईमलिखर्क मन्दिर घेराबार, चौपारी निर्माण तथा माटो पटान | विजयनगर-४, ईमलिखर्क | घेराबार, चौपारी निर्माण तथा माटो पटान | रु. ५,००,०००।– (पाँच लाख मात्र) | | |
| १८ | पर्यटकिय स्थल पुरैना तालमा खानेपानी जडान, चौपारी निर्माण तथा अन्य व्यवस्थापन | विजयनगर-१, बलुईया | खानेपानी जडान, चौपारी निर्माण तथा अन्य व्यवस्थापन | रु. ५,००,०००।– (पाँच लाख मात्र) | | |
| १९ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी संघ | | प्रदेशस्तरीय अधिवेसन | रु. ३०,०००।– (तिस हजार मात्र) | चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| २० | वडा नं. ६ को कार्यालय | विजयनगर-६ | हरितालि तजको अवरमा तिज मिलान कार्यक्रम तथा दर खाने कार्यक्रम बापत | रु. ६०,०००।– (साठ्ठी हजार मात्र) | | |
| २१ | लायन्स कल्ब अफ कपिलवस्तु | वाणगंगा-१, कपिलवस्तु | पनी माथि ट्याक बनाई साइकल चलाउने खेल आयोजनार्थ | रु. ५०,०००।– (पचास हजार मात्र) | खेलकुंद सहयोग कार्यक्रम | |
| २२ | विजयनगर युवा कल्ब | विजयनगर गाउँपालिका | खेलकुद सामाग्री खरिद | रु. १,४०,०००।– (एक लाख चालिस हजार रुपैया मात्र) | | |
| २३ | मनोहोरापुर देखी बघमरवा सम्म सडक मर्मत | विजयनगर-५ | सडक मर्मत | रु. ५०,०००।– (पचास हजार मात्र) | विपद व्यवस्थापन कोष | |

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बहादुर थापा
अध्यक्ष

## कार्यपालिका बैठक सख्या- २

मितिः- २०८०।०६।१८

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | बनखेतमा खेल मैदान निर्माण | विजयनगर-१, बनखेत | खेलमैदान निर्माण | रु.१,००,०००।– (एक लाख मात्र) | खेलमैदान निर्माण संहयोग | |
| २५ | ६ नं. वडा कार्यालय | विजयनगर-६, खडैचा | वृक्षारोपण | रु. ९०,०००।– (नब्बे हजार मात्र) | हरियाली प्रवर्धन कार्यक्रम | |

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुरहरिया, कपिलवस्तु लुम्बिनी प्रदेश

...पाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

...गासम रिजाल
प्रमुख प्रशासकीय अधिकृत